# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
३ नं. प्रदेश, नेपाल

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन २०७३

प. सं. ०७६/७७ सा. प्र. म. शा.
च. नं. १२६४

मिति २०७६/०६/०७

विषयः निर्णयको प्रतिलिपि पठाइएको ।

श्री वडा कार्यालयहरु (सबै),
भरतपुर महानगरपालिका ।

भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७६/०६/०५ गते बसेको बैठकबाट पारित निर्णयको प्रतिलिपि पाना ४ (चार) यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

..............................
(अर्जुन पौडेल)
शाखा अधिकृत
शाखा अधिकृत

बोधार्थः
श्रीमान् प्रमुखज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्रीमान् उप-प्रमुखज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्री सूचना तथा संचार प्रविधि शाखा, भरतपुर महानगरपालिकाः उक्त निर्णय भरतपुर महानगरपालिकाको Website मा राख्ने व्यवस्था हुन ।
श्री महाशाखा/शाखा/ईकाई (सबै), भरतपुर महानगरपालिकाः आवश्यक कार्यार्थ ।

फोन नं. ०५६-५२०१६७, ५२१४६७, ५३००६२, ५२६९५१, ५२२२५२, ५२५७७१, फ्याक्स नं. ०५६-५२००१४
E-mail: bmc@ntc.net.np, Website: bharatpurmun.gov.np
(मन्त्रिपरिषदबाट महानगरपालिका घोषणा मितिः फागुन २७, २०७३)

Scanned by CamScanner

# नगर कार्यपालिकाको ३३औं बैठकका निर्णयहरु

(२०७६ असोज ५ गते)

१. मिति २०७६ असोज ४ गते भरतपुर महानगरपालिका वडा नं. १६ का अध्यक्ष श्री चतुरमान गुरुङको असामयिक निधनप्रति शोक प्रस्ताव पारित गरियो । मृतात्माको चीर शान्तिको कामना गर्दै मिति २०७६ असोज ६ गते महानगरपालिका र अन्तरगतका कार्यालयहरु (विद्यालय/शैक्षिक संस्थाहरु बाहेक) बिदा गर्ने निर्णयसमेत गरियो ।

२. महानगरपालिकाको समग्र कार्यसम्पादनको समीक्षा गर्दै पूर्वाधार निर्माणमा गुणस्तर कायम गर्न अनुगमनका थप संयन्त्र परिचालन सम्बन्धमा तपसिल बमोजिम गर्ने निर्णय गरियो:-

2.1 चरणबद्ध अनुगमन गर्ने र अनुगमनलाई चुस्त बनाउन तपसिल बमोजिम उपसमिति एवं टोली गठन गर्ने ।

2.1.1. ४० लाख भन्दा माथिका योजनाको लागि हाल कायम रहेको उपप्रमुखको संयोजकत्व रहेको अनुगमन समितिले अनुगमन गर्ने ।

2.1.2. ४० लाख भन्दा तलका आयोजनाको लागि नीति तथा कार्यक्रम २०७६ को बुँदा नं. ४३ को भावना अनुरुप, शहरी पूर्वाधार विकास महाशाखा प्रमुखको संयोजकत्वमा सम्वन्धित वडाको वडा अध्यक्ष, योजना अनुगमन सूचना प्रविधि महाशाखा एवं आर्थिक प्रशासन महाशाखाका अधिकृतस्तरका कर्मचारी र सम्बन्धित वडाको प्राविधिक कर्मचारी सम्मिलित उपसमितिले अनुगमन गर्ने ।

2.1.3. वडास्तरीय आयोजनाको हकमा सम्बन्धित वडाका वडा अध्यक्षको संयोजकत्वमा वडा अध्यक्षले तोकेको एकजना वडा सदस्य, सोही वडाकै वडा सचिव र प्राविधिक सम्मिलित वडा अनुगमन समितिबाट अनुगमन प्रतिवेदन तयार पारी वडा सचिवको सिफारिसको आधारमा भुक्तानी प्रक्रिया अघि बढाउने ।

2.1.4. विषय क्षेत्रगत अन्य आयोजना वा कार्यक्रमको हकमा सम्बन्धित वडा अनुगमन समितिको प्रतिवेदन र वडा सचिवको सिफारिस साथ योजना तथा बजेट शाखा मार्फत सम्बन्धित महाशाखा/शाखाबाट भुक्तानी प्रक्रिया अगाडि बढाउने ।

2.1.5. संघ र प्रदेशस्तरीय आयोजनाको हकमा तत् तत् कार्यालयका प्राविधिक समेतको संलग्नतामा संयुक्त रुपमा समयतालिका बमोजिम अनुगमन गरी गुणस्तर कायम गर्ने ।

उल्लिखित व्यवस्थाका अलवा आवश्यकता अनुसार उपप्रमुख संयोजक रहेको अनुगमन समिति र प्राविधिक टोलीले जुनसुकै आयोजनाको जुनसुकै बखत पनि अनुगमन गर्नसक्ने ।

३. कृषि तथा पशु क्षेत्रको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ को मस्यौदा उपर छलफल गर्दा छलफलमा उठेको सुझाब बमोजिम संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

४. स्थानीय पाठ्यक्रमको खाका उपर छलफल गर्दा विस्तृत अध्ययन गरेपछि आएको सुझाव सहित "हाम्रो गौरव, हाम्रो भरतपुर" नामक स्थानीय पाठ्यक्रम पारित गर्ने निर्णय गरियो ।

५. "साइकल वितरण सम्बन्धी कार्यविधि, २०७६" सुझाव अनुरुप संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

६. महानगरपालिकाको वडा नं. १ स्थित ठिमुराको सार्वजनिक जग्गामध्ये नारायणगढ ५ क को कित्ता नं. १५४, १५५, ३०८ लगायतका कित्ताहरूको उत्तर तर्फ पर्ने ३ विघा जग्गा पशु वधशाला निर्माणका लागि प्रयोगमा ल्याउने र सो प्रयोजनका लागि डि.पि.आर. लगायतको प्राविधिक तयारीका लागि हेफर नेपाल (Heifer Nepal) लाई अनुरोध गर्ने निर्णय गरियो।

७. भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल (NSET) को प्राविधिक सहयोगमा महानगरबाट तयार पारिएको नगर विपद् तथा जलवायु उत्थानशील योजना, २०७६ लाई अनुमोदन गर्नुका साथै महानगरमा Elevated Helipad निर्माणको लागि वडा नं. २७ र २८ मध्येबाट एक स्थान र वडा नं. २२ बाट एक स्थान गरी २ स्थान एकिन गरी आवश्यक कार्यको लागि सम्बन्धित निकायमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

८. महानगरमा कार्यरत फिल्डमा खटिने प्राविधिक कर्मचारीहरुको इन्धन सुविधासम्बन्धी मापदण्ड, २०७६ मा कार्यविधिको बुँदा १ (४) मा रहेको चौमासिक विभाजन बमोजिम पचास प्रतिशत, पचहत्तर प्रतिशत र शतप्रतिशत भन्ने वाक्यांश हटाई वर्षभरी मापदण्ड बमोजिम आउने सुविधा उपलब्ध गराउने र उक्त इन्धन सुविधा आयोजनाकै रकमबाट कन्टिन्जेन्सी प्लान बनाई खर्च गर्ने निर्णय गरियो ।

९. महानगरपालिकाले देहायबमोजिमका प्रकाशनहरु प्रकाशित गर्ने सम्बन्धमा बैठकमा जानकारी गराई सुझाबहरु अनुसार संशोधन गरी प्रकाशन गर्ने निर्णय गरियो ।

9.1. काम, कर्तव्य, अधिकार र दायित्व समेटिएको "नगरप्रमुखदेखि नगरबासीसम्म" नामक गोजी पुस्तिका प्रकाशन गरी वितरण गर्ने ।

9.2. जनप्रतिनिधि र कर्मचारीहरुको आचारसंहिताको गोजी पुस्तिका प्रकाशन र वितरण गर्ने।

१०. प्रदेश सरकारसँग माग गरिएका समपूरक र विशेष अनुदानका तपसिल बमोजिमका आयोजनाहरू स्वीकृत गरी प्रदेश सरकार समक्ष पेस गर्ने निर्णय गरियो ।

10.1. समपुरक अनुदान तर्फः

| क. सं. | योजनाको नाम तथा विवरण | वडा नं. | बजेट रकम |
|---|---|---|---|
| १. | खम्बा सिंह- धिरा कुँवर मार्ग, के पा वाचनालायाबाट केदार पोखेलको घरु चोक हुँदै पूर्व जंगलको छेउ र केदार पोखरेलको घरबाट इन्द्र पन्त चोकसम्म करिव | ६ | २ करोड |



Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| | ३ कि.मी. पिच निर्माण | | |
| २. | कुमारी चोक - शिवालय चोक – कृषि चोक – पूर्ण चोक – डाँडा बसेल टोल - शान्ति चोक – खनाल टोल – तर चोक – सोसी वडा कार्यालय, जबका भागौली कुमार चोकसम्म करिब ४ कि. मी. पिच निर्माण | २५ | २ करोड |
| ३. | वडा नं. २६ घान्द्रुक चोकदेखि रुपनारायणको घरको चोक सम्म | २६ | २ करोड |
| ४. | भरतपुर १५ अन्तरगत भरतपुर चौबिसकोठी धर्म चोक विशाल चोक हुँदै गर्गेश्वर मन्दिर टुहुरे पसल ब्रिजयनगर हरेयाहुँदै मेघौलीसम्म जोड्ने मूख्य सडकको बीचमा पर्ने जगन्नाथ चोकदेखि गर्गेश्वर मन्दिरसम्मको १६७० मिटर बाटो पिच गर्ने कार्य | १५ | १,९१,००,५९५/- |

10.2. विशेष अनुदान तर्फः

| क.स. | आयोजनाको नाम | स्थान (वडा नं) | माग रकम |
|---|---|---|---|
| १ | भार्लाग सिंचाई आयोजना | २९ | ५० लाख |
| २ | कुमाल होमस्टे, गोलाघट | २८ | ५० लाख |
| ३ | चौकीडाँडा खानेपानी आयोजना | २९ | १ करोड |
| ४ | सिसौनी होमस्टे पूर्वाधार निर्माण | २६ | ५० लाख |
| ५ | सितारामचोक देखि पश्चिम कमलपोखरी जाने पर्यटकीय मार्ग | ५ | १ करोड |
| ६ | जेष्ठ नागरिक गृह | ५ | ४० लाख |

११.विविध

11.1. नेपाल भ्रमण वर्ष. २०२० (Nepal Visit Year. 2020) को पूर्वतयारी सम्बन्धमा राष्ट्रियस्तरको साहित्यिक सम्मेलन जस्ता प्रचारप्रसारका चरणबद्ध कार्यक्रम गर्नुका साथै महानगरपालिकाभित्र रहेका तालतलैया, मन्दिर, नदी किनार, पार्कजस्ता पर्यटकीय क्षेत्र पहिचान गरी पर्यटक आकर्षण एवं पर्यटकलाई महानगरभित्र टिकाउने र खर्च गर्ने वातावरण बनाउन पर्यटकीय प्याकेज तयार गर्ने निर्णय गरियो ।

11.2. विज्ञापन करको लागि आ. व. २०७४/७५ देखि २०७६/७७ सम्मको लागि एड्भर्टाइजिङ इन इयुज प्रा. लि. सँग गरिएको सम्झौता बमोजिम आ. व. २०७६/७७ को



Scanned by CamScanner

लागि महानगरपालिकाको ऐन तथा कार्यविधि बमोजिम विज्ञापन सम्बन्धी कार्य गर्नेगरी कार्यादेश दिने निर्णय गरियो ।

11.3. रामपुर इन्जिनियरिङ क्याम्पसको लागि वडा नं १५ मा रहेको कमर्डहललाई मर्मत तथा रगरोगन गर्ने कार्यको लागि महानगरबाट १ जना, वडा नं. १५ को जनप्रतिनिधि १ जना र क्याम्पसको तर्फबाट एकजना सदस्य रहने गरी तीन सदस्यीय मर्मतसुधार सहजीकरण समिति गठन गरी मर्मतसम्भार कार्य अगाडि बढाउने निर्णय गरियो ।

11.4. वडा नं. १६ का कार्यवाहक वडा अध्यक्षमा वडा सदस्य श्री ओम बहादुर रावललाई तोक्ने निर्णय गरियो ।

11.5. महानगरपालिका र अन्तरगत मौज्दातमा रहेका कार्यालय आफैंबाट खरिद भएका वा विभिन्न प्रक्रियाबाट महानगरपालिकालाई प्राप्त हुन आएका उपयोगविहीन एवं पुराना जिन्सी सामानहरु नियमानुसार गठन भएको जिन्सी निरीक्षण समिति तथा जिन्सी मालसामान मूल्याङ्कन समितिबाट आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५८ मा तोकिए भन्दा बढी सिफारिस भई आएकोमा सो जिन्सी सामानको लिलाम बिक्री प्रक्रिया अघि बढाउन अनुमति दिने निर्णय गरियो

11.6. वडा नं. ५ र २५ का कार्यालय भवन निर्माणको लागि माग भएको जग्गा व्यवस्थापन सम्बन्धमा सार्वजनिक जग्गा संरक्षण एवं खोजविन समितिबाट उपलब्ध सबै विकल्पको खोजीगरी १५ दिनभित्र उपयुक्त विकल्प पेस गर्न लगाउने निर्णय गरियो ।

11.7. महानगरपालिकामा नवनियुक्त नगर प्रहरी निरीक्षक मेघराज भट्टराई र नगर प्रहरी सहायक निरीक्षक कृष्णप्रसाद सापकोटालाई दर्ज्यानी चिन्हद्वारा सु-शोभन गरियो ।,

Scanned by CamScanner